नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

## प्रेस विज्ञप्ति

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन" भन्ने मूल नारा सहित २२ औं निजामती सेवा दिवस २०८२ निजामती सेवा दिवस मूल समारोह कार्यक्रमका अध्यक्ष तथा नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्यालज्यूको अध्यक्षता तथा माननीय उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री प्रकाशमान सिंहज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो।

कार्यक्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू, नेपाली सेनाका प्रधान सेनापतिज्यू, नेपाल सरकारका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखहरु, सेवा सम्वद्ध कर्मचारी ट्रेड युनियनका अध्यक्ष तथा पदाधिकारीहरु र राष्ट्रसेवक कर्मचारीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै माननीय उपप्रधानमन्त्रीज्यूले निजामती सेवा दिवसका सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय गरी तीनवटै तहमा कार्यरत कर्मचारीहरूलाई शुभकामना दिनुहुँदै शासन व्यवस्थाको मेरुदण्डको रुपमा रहेको निजामती सेवा थप उत्तरदायी तथा व्यावसायिक हुनुपर्नेमा जोड दिनु भयो। साथै, समृद्ध नेपाल तथा सुखी नेपालीको दीर्घकालीन लक्ष्य हासिल गर्न निजामती कर्मचारीहरूको अहम् भूमिका रहेको समेत बताउनु भयो। उहाँले प्रशासनिक सङ्घीयतालाई सार्थक बनाउन सङ्घीय निजामती सेवा विधेयकलाई चाँडै नै संसदले पारित गर्ने विश्वास व्यक्त गर्नु भयो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय भगवती न्यौपानेले सङ्घीय निजामती सेवा विधेयक संसदको यही अधिवेशनमा पारित हुने विश्वास व्यक्त गर्नु भयो। प्रत्येक निजामती कर्मचारीले अब्बल कार्यसम्पादन गरेर आफूलाई योग्य सावित गर्दै सरकारका नीति तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरेर मात्रै देशको मुहार फेर्न सकिन्छ भन्ने विचार व्यक्त गर्नु भयो। उहाँले निजामती कर्मचारीले देश र जनताप्रति ईमान्दार भई जनतालाई केन्द्र विन्दुमा राखेर काम गर्न निर्देशन दिनु भयो।

निजामती सेवा दिवस मूल समारोह कार्यक्रमका अध्यक्ष तथा नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्यालले बदलिँदो विश्व परिवेशसँगै नेपालको शासन व्यवस्थामा सिर्जित नयाँ आयामहरुलाई सम्बोधन गर्न निजामती सेवा प्रविधिमैत्री, सिर्जनशील, सेवाग्राहीमैत्री र नतिजामुखी हुन जरुरी भएको र

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कार्यमा निजामती सेवाको प्रमुख भूमिका रहेको बताउनु भयो।

कार्यक्रममा यस मन्त्रालयका सचिव श्री रविलाल पन्थले स्वागत मन्तव्य ब्यक्त गर्नु भएको थियो। उहाँले आफ्नो सम्बोधनको क्रममा सुशासनको लक्ष्य हासिल गर्न निजामती कर्मचारीको अहम् भूमिका रहेको उल्लेख गर्नुहुँदै शासकीय मान्यतामा आएको नवीनतम आयाम अनुरुप निजामती सेवालाई अझ बढी सिर्जनशील तथा व्यावसायिक बनाउन आफूलाई रुपान्तरण गर्दै लैजानु पर्ने धारणा राख्नु भयो।

कर्मचारी ट्रेड युनियनका तर्फबाट नेपाल निजामती कर्मचारी युनियनका कार्यवाहक अध्यक्ष श्री उत्तम कुमार कटुवालले सेवाग्राहीप्रति उत्तरदायी हुने प्रतिवद्धता व्यक्त गर्नु हुँदै सङ्घीय निजामती सेवा ऐन जारी भएपछि प्रशासनिक सङ्घीयताले गति लिने विश्वास व्यक्त गर्नु भयो।

उक्त समारोहमा माननीय उपप्रधानमन्त्रीज्यूले निजामती सेवा दिवस २०८२ को अवसरमा अघिल्लो बर्ष उत्कृष्ट निजामती सेवा पुरस्कार प्राप्त गर्ने १० जना र निजामती सेवा पुरस्कार प्राप्त गर्ने ३० जना कर्मचारीहरुलाई ताम्रपत्र सहित सम्मान प्रदान गर्नु भयो। निजामती सेवा दिवसको मूल कार्यक्रम सिंहदरवारबाट प्रभातफेरी शुरु गरी प्रदर्शनीमार्ग स्थित नेपाल पुलिस क्लवको सभाहलमा सञ्चालन गरिएको थियो।

मितिः २०८२/५/२२

काली प्रसाद पराजुली
प्रवक्ता